# भविष्य के हुन्छ ?



देख्छ दिदी आफ्ना भन्दा छोटा कपडा लाको
झोलाभरी इट्टा बोकी दाजु कलेज गाको
बाटो भरी देख्छ उसले लट्ठीले ठटाको
अनी भन्छ भविष्यमा प्रहरी बन्न चाहाको

लट्ठी नै देख्छ उसले शिक्षकको हातमा पनि
कहिलेकाँही त दिनै बित्छ उस्को मुर्गा बनी
सोध्नु थियो धेरै कुरा डरले बस्छ केही नभनी
यस्तो पढाइले उस्को के बुद्धि बढछ अनी

घर पुग्दा होम वर्कको हिमाल नै हुन्छ
जान्दिन गर्न अनी भोली सम्झेर रुन्छ
सोद्धा दाजु दिदीलाई फुर्सद छैन सुन्छ
त्यसैले त पेट दुखेको बहाना उ बुन्छ

रोइ रहेकी आमा देख्छ बाबु जेलमा परी
हाहा होहो मात्र सुन्छ उसले वरीपरी
सानीआमा गर्दीनन श्रृङ्गार सानोबुबा मरी
जता हेर्छ नराम्रै देख्छ राम्रो बन्छ कसरी

खेल्दा खेरी अश्रु ग्याँसको धुवाले रुन्छ
खोल्दा टेलीभीजन पनि मारकाट नै सुन्छ
थाहा छैन उ के सोच्छ मनमा के के गुन्छ
म त सोच्छु त्यो बालकको भविष्य के हुन्छ

कमलाकान्त आचार्य
भीयना विश्व विद्यालय
भीयना अष्ट्रिया